नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
मानवश्रोत व्यवस्थापन विभाग
धर्मपथ, काठमाडौं

# सुरक्षा सुपरभाइजर करार सेवामा भर्ना गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०२/१०

यस बैंकको लागि आवश्यक निम्न पदमा खुल्ला प्रतियोगीतात्मक परीक्षाद्वारा करारमा भर्ना गर्नुपर्ने भएकोले नेपाली सेना वा भारतीय गोर्खा सेना वा वेलायती गोरखा सेना वा नेपाल सशस्त्र प्रहरी बलबाट अवकाश प्राप्त (प्राविधिक तर्फ सेवा गरेका बाहेक) देहायमा उल्लेख भए अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिककहरुबाट मिति २०८२/०२/१० गते देखि Online दरखास्त फारम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको Online दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी सो को साथ नागरिकता प्रमाणपत्र र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, तोकिएको अनुभवको प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटो र दस्तखत Scan/Attach गरी तोकिएको शुल्क तिरी मिति २०८२/०२/२४ सम्म Online दरखास्त पेश गर्नुपर्नेछ । म्याद भित्र दाखिल नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्वर | तह/पद | कार्यालय | रिक्त पद संख्या |
|---|---|---|---|---|
| १ | २०८१/८२/करार/०१ | सुरक्षा सुपरभाइजर (वरिष्ठ सहायक सरह) | प्रादेशिक कार्यालय, मधेश प्रदेश, बिरगंज | १ |
| २ | २०८१/८२/करार/०२ | | प्रादेशिक कार्यालय, लुम्बिनी प्रदेश, बुटवल | १ |
| ३ | २०८१/८२/करार/०३ | | प्रादेशिक कार्यालय, सुदुरपश्चिम प्रदेश, धनगढी (अर्को व्यवस्था नभएसम्म प्रादेशिक कार्यालय, कर्णाली प्रदेश अन्तर्गतको सुरक्षा सुपरिवेक्षकको जिम्मेवारी समेत वहन गर्ने गरी) | १ |

१) **सेवाको किसिम** : करार

२) **न्यूनतम योग्यता** :

क) सेनाको सुवेदार/प्रमुख सुवेदार, मानार्थ उप-सेनानी वा सो सरह ।

ख) निवृत्तभरणमा अवकास पाएको ।

ग) सेवाबाट अवकास भएको ५ बर्ष ननाघेको ।

घ) सेवामा छँदा कुनै अभियोग नलागेको ।

ङ) Online दरखास्त दिने अन्तिम मिति (अर्थात मिति २०८२/०२/२४ गते) सम्ममा उमेर ५३ वर्ष ननाघेको

च) माथि दफा (क) मा उल्लेखित योग्यता पुगेका एवं यस बैंकमा प्रमुख सुरक्षक पदमा कार्यरत सुरक्षकहरुले पनि यस विज्ञापनमा आवेदन दिन पाउनेछन् । साथै, उक्त योग्यता पुगेका प्रमुख सुरक्षकहरूलाई माथि उल्लेखित दफा (ग) र (ङ) लागु हुनेछैन ।

३) **परीक्षाको किसिम** : लिखित परीक्षा र अन्तर्वार्ता ।

४) **तलब तथा सुविधा** : बैंकले तोके बमोजिम ।

५) **परीक्षा दस्तुर र दस्तुर बुझाउने प्रक्रिया** :

परीक्षा शुल्क बापत रू. ८००/- (आठ सय) Online आवेदन भरे पश्चात प्राप्त हुने निर्देशन बमोजिम नेपाल बैंक लिमिटेड मोबाईल बैंकिङ्ग वा ConnectIPS वा eSewa वा FonePay वा Khalti मार्फत

दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ । यसरी दरखास्त दस्तुर भुक्तानी गर्दा लाग्ने दस्तुर आवेदक स्वयंलेनै बेहोर्नुपर्नेछ । रीत नपुगी अस्वीकृत भएका आवेदनहरुको शुल्क फिर्ता हुने छैंन ।

तोकिएको कुनैपनि भुक्तानी माध्यमबाट दरखास्त दस्तुर भुक्तानी गरिसकेपछि Online Recruitment Portal मा **"Payment Successful"** र **"Submitted"** भए नभएको सम्बन्धमा आवेदक स्वयंले यकिन गर्नुपर्नेछ । दरखास्त दिने म्याद समाप्त हुँदासम्म पनि दरखास्त दस्तुर भुक्तानी नगरेमा वा Online दरखास्त फाराम submit नगरेमा आवेदन स्वीकृत गरिने छैन ।

६) **लिखित परीक्षा मिति** : लिखित परीक्षा कार्यक्रम काठमाण्डौमा सञ्चालन हुनेछ र परीक्षा केन्द्र र मिति सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ ।

**पुनश्च :**

क) यस सूचनामा कार्यालय तोकी विज्ञापन गरिएको भएता पनि छनौट भई नियुक्ति गरिएको सुरक्षा सुपरिवेक्षकले बैंकले खटाएको जुनसुकै स्थानमा गई काम गर्नु पर्नेछ ।

ख) आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पुर्ण अधिकार बैंकलाई हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराइनेछ ।

ग) दरखास्त फाराम भर्न नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Careers मा Apply for Vacancy बटनमा Click गरी त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

घ) लिखित परीक्षाको पाठ्यक्रम नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Career Tab मा राखिएको छ ।

ङ) दरखास्त सम्बन्धी कुनै जानकारी लिनु परेमा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभागको email: exam.hrd@nepalbank.com.np तथा फोन नम्बर ०१५३४७९९९ एक्सटेन्सन नं. २१० र ४०७ मा सम्पर्क राख्न सकिनेछ ।

मुख्य प्रबन्धक